जहाँ छ मेरो जन्मभूमि त्यहाँ शान्त शीतल जलमग्नमा छन् भक्तवत्सल महेश्वर । म जन्मिए हुर्किएँ यस्तो पावन पुण्यभूमिमा नाम हो यसको जलेश्वर ।।-कवि पवेन्द्र मानश्रेष्ठ

समाज, विकास, लोकतन्त्र र विधिको शासन प्रति समर्पित राष्ट्रिय दैनिक

जि.प्र.का. महोत्तरी द.नं. ४३/०७०/७१
जि. महोत्तरी हु.द.नं. ४/०८०/८१

सबै क्षेत्रको प्रबर्द्धनको गुरु

www.jaleshwortoday.com

# जलेश्वर टुडे

Jaleshwor Today National Daily

एक कदम अगाडि




बर्ष १३ • अंक २९२ • २०८३ श्रावण २६ गते मंगलवार • 11 Aug. 2026 • पृष्ठ ४ • मुल्य रु.५/-

## मधेशमा 'सुपर एल निनो'को जोखिम, तातो हावा र खडेरीबाट बच्न पूर्वतयारीमा जोड

**दिपक श्रेष्ठ मण्डल**
**जनकपुरधाम, २५ श्रावण**



मधेश प्रदेशमा 'सुपर एल निनो', तातो हावाको लहर तथा खडेरीका कारण कृषि, खाद्य सुरक्षा, जनजीविका र समग्र विकासमा पर्न सक्ने प्रभाव न्यूनीकरणका लागि पूर्वतयारी र बहुपक्षीय समन्वयलाई प्रभावकारी बनाउनुपर्नेमा सरोकारवालाहरूले जोड दिएका छन् ।

मर्सी कोर्प्स, आसमान नेपाल र संयुक्त राष्ट्रसंघीय खाद्य तथा कृषि संगठनको साझेदारीमा आयोजित मधेश प्रदेशमा सुपर एल निनो, तातो हावाको लहर तथा खडेरीको प्रभाव सम्बन्धी प्रादेशिक कार्यशालामा सहभागीहरूले यस्तो आवश्यकता औंल्याएका हुन् ।

कार्यक्रमको अध्यक्षता आसमान नेपालकी कोषाध्यक्ष रेखा यादवले गर्नुभएको थियो भने मधेश प्रदेश नीति तथा योजना आयोगका उपाध्यक्ष राजकुमार सिंह प्रमुख अतिथिका रूपमा सहभागी हुनुहुन्थ्यो। कार्यक्रमको सञ्चालन मधेश प्रदेश भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयका श्री रविन बस्नेतले गर्नुभएको थियो । कार्यक्रममा प्रदेश तथा स्थानीय सरकारका प्रतिनिधि, संयुक्त राष्ट्रसंघीय निकाय, विकास साझेदार, स्थानीय तहका विपद् जोखिम न्यूनीकरण फोकल व्यक्ति तथा स्थानीय विपद् व्यवस्थापन समितिका सदस्यहरूको सहभागिता थियो ।

कार्यक्रममा खाद्य तथा कृषि संगठनका परामर्शदाता उज्ज्वल उपाध्याय, मर्सी कोर्प्सका मधेश प्रदेश संयोजक सञ्जित श्रेष्ठ र खाद्य तथा कृषि संगठनका बिबेक आचार्यले सहजीकरण गर्नुभएको थियो ।

कार्यशालामा एल निनो, चरम गर्मी तथा खडेरीका सम्भावित प्रभाव र त्यसबाट जोगिन अपनाउन सकिने अनुकूलनका उपायबारे विस्तृत छलफल गरिएको थियो। सहभागीहरूले कृषि, खाद्य सुरक्षा, पानी, जीविकोपार्जन तथा स्थानीय विपद् व्यवस्थापनमा पर्न सक्ने जोखिम न्यूनीकरणका लागि समयमै पूर्वतयारी, प्रभावकारी सूचना प्रवाह र सरोकारवाला निकायबीच समन्वय आवश्यक रहेको बताएका थिए । खाद्य तथा कृषि संगठनका परामर्शदाता उज्ज्वल उपाध्यायले एल निनोका कारण मनसुनी वर्षाको मात्रा तथा वितरणमा परिवर्तन, लामो सुख्खा अवधि र औसतभन्दा उच्च तापक्रमको जोखिम बढ्न सक्ने जानकारी दिनुभयो। उहाँले एल निनोलाई केवल खडेरीको समस्याका रूपमा मात्र नभई चरम गर्मी, अनियमित वर्षा, अतिवृष्टि तथा बाढीसहितको मिश्रित जलवायु जोखिमका रूपमा बुझ्नुपर्ने बताउनुभयो ।

मधेशको कृषि प्रणाली ठूलो मात्रामा मनसुनी वर्षामा निर्भर रहेकाले कम तथा अनियमित वर्षासँगै उच्च तापक्रम बढ्दा माटोको चिस्यान घट्ने, सिँचाइको माग र लागत बढ्ने तथा बाली उत्पादनमा कमी आउन सक्ने उहाँले उल्लेख गर्नुभयो । विशेषगरी धान उत्पादनमा गिरावट आए त्यसको असर मधेशमा मात्र सीमित नभई राष्ट्रिय खाद्य आपूर्ति र बजार मूल्यमा समेत पर्न सक्ने बताइएको छ ।

कार्यशालामा सम्भावित जोखिमको पूर्वानुमानका आधारमा कृषि तथा पशुपालन क्षेत्रमा अनुकूलनका उपाय अघि बढाउने, पानीका स्रोत तथा सिँचाइ व्यवस्थापनलाई प्राथमिकता दिने, जोखिममा रहेका समुदायलाई समयमै सूचना उपलब्ध गराउने र स्थानीय तहको विपद् व्यवस्थापन प्रणालीलाई थप प्रभावकारी बनाउने विषयमा छलफल गरिएको थियो ।

## लक्ष्यभन्दा रु. ३ करोडभन्दा बढी राजस्व सङ्कलन



**जलेश्वरटुडे समाचारदाता**
**जनकपुरधाम, २५ श्रावण**

जनकपुरधाम उपमहानगरपालिकाले आर्थिक वर्ष २०८२/८३ मा लक्ष्यभन्दा रु. ३ करोडभन्दा बढी राजस्व सङ्कलन गरेको छ । उपमहानगरपालिकाले बक्यौता असुलीलाई प्राथमिकता दिँदै कर सङ्कलनमा कडाइ गरेपछि राजस्व वृद्धि भएको हो ।

उपमहानगरपालिकाले गत आर्थिक वर्षमा १७ करोड १५ लाख राजस्व सङ्कलन गर्ने लक्ष्य निर्धारण गरेको थियो । तर, लक्ष्यभन्दा रु. ३ करोड २२ लाख बढी अर्थात् कुल रु. २० करोड ३७ लाख १ हजार ५५९ राजस्व सङ्कलन भएको राजस्व शाखाले जनाएको छ । यो रकम अघिल्लो आर्थिक वर्ष २०८१/८२ को तुलनामा पनि रु. ३ करोड ७२ लाख २१ हजार ६२६ ले बढी हो । आव २०८१/८२ मा रु. १६ करोड २० लाख राजस्व सङ्कलन गर्ने लक्ष्य राखिएकोमा रु. १६ करोड ६४ लाख ७८ हजार ९३३ सङ्कलन भएको थियो । उपमहानगरपालिकाका अनुसार आव २०८२/८३ मा बेरुजु शीर्षकमा रु. ५ लाख सङ्कलन गर्ने लक्ष्य रहेकामा रु. २१ लाख २६ हजार ४५३ असुली भएको छ । त्यस्तै, सम्पत्ति करबाट रु. ५ करोड ६१ लाख ५ हजार ३३१ र बहाल करबाट रु. ५ करोड ७५ लाख ३९ हजार ६४४ सङ्कलन भएको छ । यसैगरी, नक्सापास दस्तुरबाट रु. ३ करोड ३७ लाख ८१ हजार, सिफारिस दस्तुरबाट रु. १ करोड ३४ लाख ९५ हजार ८९६ तथा बहाल बिटौरी करबाट रु. ९२ लाख ३२ हजार २०० राजस्व प्राप्त भएको छ । व्यवसाय करबाट रु. ५१ लाख ५० हजार ३४७, अन्य प्रशासनिक सेवा शुल्कबाट रु. ६८ लाख ३४ हजार ९३४ तथा अन्य सेवा शुल्क तथा बिक्रीबाट रु. २९ लाख ६८ हजार ४७५ सङ्कलन भएको उपमहानगरपालिकाले जनाएको छ । त्यस्तै, परीक्षा शुल्कबाट रु. १७ लाख ८६ हजार ७००, व्यक्तिगत घटना दर्ता दस्तुरबाट रु. ५ लाख ९७ हजार ७२०, प्रशासनिक दण्ड तथा जरिवानाबाट रु. ११ लाख ५ हजार ५६३ र सरकारी सम्पत्ति बिक्रीबाट रु. १५ लाख राजस्व प्राप्त भएको छ । उपमहानगरपालिकाका राजस्व शाखा प्रमुख परमेश्वर झाका अनुसार बक्यौता असुलीलाई प्रभावकारी बनाउनुका साथै करदातालाई नियमित कर तिर्न प्रोत्साहित गरिएकाले राजस्व सङ्कलनमा उल्लेख्य सुधार आएको हो । उनले आगामी दिनमा पनि बक्यौता कर असुलीलाई प्राथमिकतामा राख्दै राजस्वको दायरा विस्तार गर्ने र कर प्रशासनलाई थप व्यवस्थित बनाउने तयारी रहेको बताए ।




## दुधमतीको जल बाबा जलेश्वरनाथलाई

**जलेश्वरटुडे समाचारदाता**
**महोत्तरी, २५ श्रावण**

दुधमतीको जल बाबा जलेश्वर नाथलाई स्थानिय युवाहरु आज सोमबार चढाएका छन् ।



प्राचीन समयदेखि जनकपुरको दुधमतीबाट जल चढाउने परम्परालाई निरन्तरता दिन बिसपिट्टी

बांकी पृष्ठ ४ मा ।

समाज, विकास, लोकतन्त्र र विधिको शासन प्रति समर्पित राष्ट्रिय दैनिक
सबै क्षेत्रको प्रगतिको सुरु
www.jaleshwortoday.com
जलेश्वर टुडे
Jaleshwor Today National Daily
एक कदम अगाडि



## सम्पादकीय...................

# ग्याँसको आपुर्तिमा सहजता ल्याऊ

खाना पकाउने ग्याँसको आपुर्तिमा सहजता ल्याउन आवश्यक रहेको देखिन्छ । देशभरी विभिन्न कारण देखाई ग्याँस व्यवसायीद्वारा गरिएको कृत्रिम अभावको पर्दाफास गर्न अहिले उद्योगमन्त्री गौरी यादव आफै सक्रिय रहेको देखिन्छ। यतिबेला साल्ट्रेडीङ्ग कम्पनीको अनुगमनदेखि अन्य ग्याँस व्यवसायीहरुको समेत प्रमाणको आधारमा स्पष्टीकरण लिन मन्त्री यादव स्वयं सक्रिय रहेको बखत ग्याँस बितरक डिलर तथा कम्पनीहरु बिना शर्तको ग्याँस बिक्रिमा आनाकानी नगरी सरल तथा सहज रुपमा ग्याँस आपूर्ति गर्न गराउन आवश्यक रहेको देखिन्छ ।

ग्याँस आपूर्ति तथा अभाव प्रत्यक्ष रुपमा हाम्रो दैनिक जिवनसँग सम्बन्धीत रहेको छ। अहिलेको प्राविधिक युगमा केहि बस्तुको उपलब्धता अति आवश्यक रहेको देखिन्छ जसमध्ये खाना पकाउने एलपि ग्याँस पनि एक हो । अहिले ग्याँस पाउनको लागि काठमाडौंदेखि विभिन्न ठाउँहरुमा उपभोक्ताहरुका ठूलो लाइन सजिलै देख्न सकिन्छ। लाइन बसे पनि ग्याँस पाइन्छ की पाइदैन निश्चितता छैन। यस परिवेशमा अहिले नेपाल सरकार यस्ता कालाबजारी गर्ने जो कोहीलाई पनि दण्डीत गर्न आवश्यक छ भने उपभोक्ताको समस्याको समाधान दीर्घकालिन रुपमा स्थायी रुपमा गर्न आवश्यक छ। यसको लागि एउटै ब्राण्ड राखेर देशभरी वितरण गर्न जरुरी छ । ग्याँस,डिजेल र पेट्रोलको मूल्य समेत घटाउनु पर्दछ।

# ढल्केवरमा प्रदेशस्तरीय क्रिटिकल केयर तथा ट्रमा सेन्टर निर्माण हुने

**जलेश्वरटुडे समाचारदाता**
**धनुषा, २५ श्रावण**

धनुषाको मिथिला नगरपालिकास्थित ढल्केवरमा प्रदेशस्तरीय क्रिटिकल केयर तथा ट्रमा सेन्टर निर्माण हुने भएको छ।

ट्रमा सेन्टर अन्यत्र सार्ने चर्चा चलिरहेका बेला स्वास्थ्य तथा खाद्य स्वच्छता मन्त्रालयले ढल्केवरमै सेन्टर निर्माण गर्ने स्पष्ट पारेको हो। मन्त्रालयका अनुसार चालु आर्थिक वर्षका लागि ढल्केवरमा क्रिटिकल केयर तथा ट्रमा सेन्टर निर्माणका लागि ६ करोड रुपैयाँ बजेट विनियोजन गरिएको छ। पूर्वपश्चिम राजमार्गमा हुने दुर्घटनामा गम्भीर घाइते हुनेहरूको तत्काल उपचारका लागि ढल्केवरमा प्रदेशस्तरीय ट्रमा



सेन्टर स्थापना गर्ने सरकारको योजना छ। ट्रमा सेन्टर ढल्केवरबाट अन्यत्र सार्न लागिएको हल्ला चलेपछि पछिल्ला केही दिनदेखि स्थानीयवासी तथा विभिन्न पक्षले ढल्केवरमै ट्रमा सेन्टर निर्माणको माग गर्दै विरोध प्रदर्शनसमेत गर्दै आएका थिए । उनीहरूले सरकारले गरेको निर्णय कार्यान्वयन गर्दै ढल्केवरमै अत्याधुनिक ट्रमा सेन्टर निर्माण गर्नुपर्ने माग राख्दै आएका छन्।

मन्त्रालयले भने ढल्केवरमा प्रदेशस्तरीय ट्रमा सेन्टर र सिरहाको लहानमा पाँच शय्याको ट्रमा युनिट स्थापना गर्ने योजना रहेको जनाएको छ । यससँगै ढल्केवरको ट्रमा सेन्टर अन्यत्र सारिने आशंकासमेत अन्त्य भएको मन्त्रालयको भनाइ छ । सरकारले आर्थिक वर्ष २०७७/७८ को नीति तथा कार्यक्रममा धनुषाको ढल्केवरमा ट्रमा सेन्टर स्थापना गर्ने घोषणा गरेको थियो ।

लामो समयदेखि चर्चामा रहेको उक्त योजना कार्यान्वयनका लागि वर्तमान सरकारले गत जेठमा बसेको मन्त्रिपरिषद् बैठकमार्फत क्रिटिकल केयर तथा ट्रमा सेन्टर निर्माणका लागि आवश्यक जग्गा प्राप्ति गर्ने निर्णय गरेको मन्त्रालयले जनाएको छ। पूर्वपश्चिम राजमार्गको महत्वपूर्ण केन्द्रका रूपमा रहेको ढल्केवरमा दैनिक ठूलो संख्यामा सवारीसाधन आवतजावत गर्ने गरेका छन्।

# सडक निर्माण तथा स्तरोन्नति कार्यक्रमले उल्लेख्य प्रगति हासिल

**जलेश्वरटुडे समाचारदाता**
**धनुषा, २५ श्रावण**

मधेश प्रदेशका सिरहा, धनुषा, महोत्तरी र सर्लाहीमा हुलाकी सडक निर्माण तथा स्तरोन्नति कार्यक्रमले उल्लेख्य प्रगति हासिल गरेको छ । गत आर्थिक वर्षमा निर्धारित लक्ष्यको ८५.५३ प्रतिशत सडक कालोपत्रे सम्पन्न भएको छ।

हुलाकी राजमार्ग निर्देशनालय, योजना कार्यालय जनकपुरधामका अनुसार चार जिल्लामा कुल ४०६.४३ किलोमिटर सडक निर्माण तथा स्तरोन्नति गर्ने लक्ष्य राखिएकोमा ३४७.६३ किलोमिटर सडक कालोपत्रे सम्पन्न भएको छ । लक्ष्यको तुलनामा ५८.८० किलोमिटर सडक कालोपत्रे गर्न बाँकी रहेको छ । कार्यालयका प्रमुख सिडिई कृष्णकुमार महतोका अनुसार सडक निर्माण तथा स्तरोन्नतिमा भएको प्रगति अघिल्लो समयको तुलनामा उल्लेख्य रहेको छ । बाँकी सडकखण्डमा समेत निर्माण तथा स्तरोन्नतिको काम अघि बढिरहेको उहाँले जानकारी दिनुभयो । चार जिल्लामा सडक निर्माणका लागि नेपाल सरकारको नियमित बजेट तथा भारतीय अनुदान सहयोग परिचालन गरिएको छ। कार्यालयका अनुसार नेपाल सरकारको स्रोतबाट ३०२.५५ किलोमिटर र भारतीय



अनुदान सहयोगबाट १०३.८८ किलोमिटर सडक कालोपत्रे गर्ने लक्ष्य राखिएको थियो । निर्देशनालयका अनुसार बलान-कमला सडक, जनकपुर-जलेश्वर-भिट्ठामोड सडक, त्रिभुवननगर सडक, शीतलपुर-मलङ्गवा-खरैयाटोल सडक, नयाँरोड-बरहथवा-माधोपुर वैकल्पिक सडक तथा जलेश्वर-हर्दी सडकको निर्माण तथा स्तरोन्नतिको काम पूर्ण रूपमा सम्पन्न भइसकेको छ । जिल्लागत रूपमा हेर्दा सर्लाहीमा हुलाकी सडक निर्माणको प्रगति अझ उच्च देखिएको छ ।




अनुरोधकर्ता
लक्ष्मीनियां गाउँपालिकाको कार्यालय
धनुषा, मधेश प्रदेश

## तपाईको टुडे

मेष: विचार गरेर बोल्नुहोला
वृष: पिछडेको साथी मिल्ने
मिथून: खानपानमा समस्या आउने
कर्कट: अनावश्यक चिन्ता
सिंह: अशुभ समाचार प्राप्त हुने
कन्या: मनमा पछुतो आउने
तुला: आम्दानी हुने
वृश्चिक: मित्रतामा फाटो आउने
धनु: पढाईमा ध्यान दिनुपर्ने
मकर: अनावश्यक खर्चको संभावना
कूम्भ: लामो यात्राको योग छ
मीन: शुभ कार्यको शुरुवात

## मधेश प्रदेशको गौरव

**श्री सत्यनारायण भगवानको दर्शन गरौं,मनबाञ्छित फल पाऔं ।**



आरती : विहान : ९ र राति ८ बजे
ठेगाना : शरञ्चियाँ कुट्टि र कलबार कुट्टिको विचमा,पु.:९८२७८१४५८८

**श्री देवअंशी लहेरी समाज, जनकपुरधाम–४,धनुषा**

## आवश्यक टेलिफोन नम्बरहरु

### जलेश्वर

| | |
|---|---|
| नेपाल पत्रकार महासंघ महोत्तरी | ५२०५१५ |
| जलेश्वरअस्पताल एम्बुलेन्स | ९७४४००२५२७ |
| नेपाल रेडक्रस सोसाइटी एम्बुलेन्स | ५२०१००, |
| सामुदायिक विकास परि.एम्बुलेन्स | ५२१००५, |
| RCDSC एम्बुलेन्स | ५२०२९८, |
| दसहारा एम्बुलेन्स | ५२०६७७, ९८४४२६०००० |
| बर्दिबास अस्पताल एम्बुलेन्स | ५५००९०, |
| बर्दिवास सेवा समिति एम्बुलेन्स | ५५०५८६, |
| रामगोपालपुर एम्बुलेन्स | ६९०५९३ |
| जिल्ला प्रहरी | ५२०००९ |
| विद्युत | ५२०१६६ |
| वारुण यन्त्र | ५२००९७ |
| जिल्ला प्रशासन | ५२००५५ |

**आवश्यक नम्वरहरुको लागि सम्पर्क गरौं १९७**

### जनकपुर

| | |
|---|---|
| प्रहरी धनुषा | 520099, 100 |
| सुरक्षा गुल्म जनकपुर बैरेक | 0186,526586 |
| सशस्त्र प्रहरी मुजेलिया | 527213, 527800 |
| मुजेलिया प्रहरी चौकी | 520750 |
| ट्राफिक कार्यालय जिरोमाईल | 520366 |
| एम्बुलेन्स पब्लिक वेल फेयर | 9854022474 |
| एम्बुलेन्स रेडक्रस | 102 |
| एम्बुलेन्स (सरोज फाउन्डेशन) | 522806 |
| महाबीर एम्बुलेन्स | 525980 |
| एम्बुलेन्स मेडिकल कलेज | 526091 |
| एम्बुलेन्स केयर मेडिकल सेन्टर | 523864 |
| बरुण यन्त्र जनपा | 520011 |
| जिल्ला जनस्वास्थ्य कार्यालय | 526271 |
| जनकपुर अंचल अस्पताल | 520033 |
| केयर मेडिकल सेन्टर | 523864 |
| धनुषा तथा अस्पताल तथा अनुसन्धान केन्द्र प्रा.लि. | 525800 |
| जानकी हेल्थ केयर एण्ड रिसर्च सेन्टर | 525342 |

## जलेश्वरनाथ मन्दिर पुजाआजा

विहान ढोका खुल्ने समय : ०५:०० बजे
विहान पुजा आरती : ०५:३० बजे
विहान ढोका बन्द :१२:०० बजे
दिउँसो ढोका खुल्ने समय :०४:०० बजे
सन्ध्या पूजा आरती साँझ :०६:३० बजे
राति ढोका बन्द हुने समय : १२ बजे
(हरेक हप्ताको मंगलबार र शनिबार मन्दिर प्राङ्गणमा दिउँसो भजन किर्त्तन सहित हनुमान आराधना )

## जानकी मन्दिर पुजाआजा

विहान ढोका खुल्ने समय : ०५:०० बजे
विहान पुजा आरती : ०७:३० बजे
विहान ढोका बन्द :१२:०० बजे
अन्न क्षेत्र : नि:शुल्क भोजन
दिउँसो ढोका खुल्ने समय :०४:०० बजे
सन्ध्या पूजा आरती साँझ :०७:३० बजे

# धारा ३७० खारेजीपछि कश्मीर: एउटा क्षेत्र जो आफूलाई पुन: स्थापित गर्दै



**जलेश्वरटुडे समाचारदाता**
**काठमाण्डौं, २५ श्रावण**

शताब्दीका व्यापार मार्गहरू, साम्राज्यहरू र द्वन्द्वले आकार लिएको क्षेत्रको जीवनमा छ वर्ष लामो समय होइन। तर जम्मू र कश्मीरको लागि अगस्ट २०१९ देखिको अवधि, जब धारा ३७० र ३५ए खारेज गरियो, परिवर्तनको साथ घना भएको छ।

योजना बनाउन दशकौं लागेको सडकहरू अन्तत: निर्माण भए। १९९० को दशकदेखि इन्जिनियरहरूले बहस गरेको रेलवे लाइनले अब कटारबाट बारामुल्लासम्म यात्रुहरू बोक्छ। वर्षौंदेखि टाढा रहेका पर्यटकहरू फर्किरहेका छन्, यद्यपि कुनै अवरोध बिना होइन। यी मध्ये कुनै पनि खारेजीको वरिपरिको ठूलो राजनीतिक बहसलाई समाधान गर्दैन, जुन कश्मीर र बाहिर विवादित छ। अधिक आत्मविश्वासका साथ वर्णन गर्न सकिने कुरा भनेको जमिनमा विकासको ढाँचा हो, क्षेत्र अनुसार क्षेत्र। अवरोध बिना शिक्षा: कश्मीरी विद्यार्थीहरूको एक पुस्ताको लागि, स्कूल जीवन हड्ताल, कर्फ्यु र लामो जाडो बन्दहरूले विरामित थियो जुन सामान्य विश्राम भन्दा धेरै लामो थियो।

शैक्षिक क्यालेन्डरहरू फिसलिए र बोर्ड परीक्षाहरू प्राय: महिनौं ढिलाइ हुन्थ्यो। त्यो लय परिवर्तन भएको छ। विद्यालयहरू वर्षभरि धेरै हदसम्म खुला रहँदै आएका छन् र शैक्षिक सत्रलाई राष्ट्रिय क्यालेन्डरको नजिक पुनर्गठन गरिएको छ। जुन प्रशासनले भारतका अन्यत्रका साथीहरूको तुलनामा कश्मीरी विद्यार्थीहरूलाई वर्ष गुमाउनबाट रोक्नको लागि अगाडि बढाएको परिवर्तन हो। उच्च शिक्षा पनि विस्तार भएको छ। एम्स जम्मू अब पूर्ण रूपमा कार्यरत छ, चालीस भन्दा बढी विभागहरूमा ओपीडी, आईपीडी र शैक्षिक गतिविधिहरू सञ्चालन गर्दै छ। कश्मीरमा यसको समकक्ष, पुलवामामा एम्स अवन्तीपोरा, ढिलो गतिमा चलिरहेको छ, धेरै घोषणा गरिएका समय सीमाहरू छुटेको छ र अब डिसेम्बर २०२६ सम्ममा पूरा गर्ने लक्ष्य राखिएको छ। तर ५७-ब्लक क्याम्पसमा भौतिक प्रगति वास्तविक छ। यद्यपि समय रेखा क्षेत्रका स्वास्थ्य र शिक्षा योजनाकारहरूको लागि निराशाजनक भएको छ। यसको साथसाथै, हालैका वर्षहरूमा केन्द्र शासित प्रदेशभरि सात नयाँ मेडिकल कलेजहरू स्वीकृत भएका छन्। यी मध्ये कुनै पनिले अघिल्ला दशकहरूको अवरोधहरू मेटाउँदैन, तर आज श्रीनगर वा अनन्तनागमा विद्यार्थीको दैनिक अनुभव २०१० को दशकको अधिकांश समयको तुलनामा धेरै स्थिर देखिन्छ।

# क्रिकेटर यशस्वीसँगको डेटिङ अफवाहबारे के भन्छिन् मृणाल ?

**जलेश्वरटुडे समाचारदाता**
**काठमाण्डौं, २५ श्रावण**



अभिनेत्री मृणाल ठाकुर र भारतीय क्रिकेटर यशस्वी जायसवाल यतिबेला कथित डेटिङलाई लिएर चर्चामा छन्।

दुवैलाई मुम्बईको बान्द्रास्थित एक क्याफे वरपर देखियो भन्दै सोसल मिडियामा एउटा भिडियो भाइरल भएपछि उनीहरूको सम्बन्धलाई लिएर अड्कलबाजी सुरु भएको हो। मृणाल ठाकुरले यी दाबीहरूमाथि आफैं प्रतिक्रिया दिएकी छन्। उनले डेटिङलाई अफवाह मात्र भएको बताउँदै मानिसहरूलाई केही शान्त रहन र पुष्टि नगरी यस्ता कुरा फैलाउनबाट बच्न आग्रह गरेकी छन्। विशेष कुरा त के छ भने यशस्वी उमेरमा मृणालभन्दा करिब १० वर्ष कान्छा छन्।

मृणाल ठाकुर र यशस्वी जायसवालको कथित सम्बन्धको चर्चा जुलाईको अन्त्यतिर सुरु भएको थियो। सोसल मिडियामा एउटा भिडियो तीव्र रूपमा भाइरल भयो, जसमा मृणाल मुम्बईको बान्द्रा वेस्ट क्षेत्रको एक क्याफेबाट निस्कँदै गरेको देखाइएको थियो। त्यसपछि उक्त भिडियोलाई यशस्वी जायसवालसँग जोडेर विभिन्न दाबीहरू गर्न थालियो। केही सोसल मिडिया प्रयोगकर्ताहरूले त यसलाई दुवैको डेटिङको प्रमाण नै भन्न थाले। यद्यपि त्यस समय उपलब्ध जानकारी अनुसार कुनै पनि डेटको पुष्टि भएको थिएन।

भाइरल क्लिपका आधारमा मृणाल र यशस्वी एउटै ठाउँमा पुगेको र पछि छुट्टाछुट्टै त्यहाँबाट निस्किएका दाबीहरू गरिएका थिए। यही कुराले अफवाहलाई झन् प्रश्रय दियो। तर केही सोसल मिडिया छलफलहरूमा भाइरल क्लिप फरक-फरक भिडियो जोडेर तयार पारिएको दाबी पनि गरिएको थियो। त्यसैले उक्त भिडियोलाई दुवैको सम्बन्धको पक्का प्रमाण मान्नु सही थिएन। लगातार चलिरहेका यी अफवाहबिच मृणाल ठाकुरले सोसल मिडियामा प्रतिक्रिया दिएकी छन्। उनले भाइरल दाबीहरूप्रति स्पष्ट रूपमा असन्तुष्टि जनाउँदै लेखेकी छन्, 'भाइ, रिल्याक्स ! मलाई देखाऊ सँगै कहाँ? कसरी यार, तपाईंहरू जस्ता पढेलेखेका मानिस यस्ता अफवाहलाई साचो मान्न थाल्नुहुन्छ ? देशमा के-के भइरहेको छैन। जेनजीबाट केही सिक्नुस् र सही मुद्दामा भिडियो बनाउनुस्, धेरै भ्युज मिल्नेछ।' मृणाल ठाकुरको जन्म सन् १९९२ मा भएको हो भने यशस्वी जायसवाल सन् २००१ मा जन्मिएका हुन्। यस हिसाबले दुवैको उमेरमा करिब ९-१० वर्षको अन्तर छ।












# मोह, लोभ र स्वार्थका जालमा कसरी फस्छ मानव ?



तोमनाथ उप्रेती
उपसचिव, नेपाल सरकार

-आधुनिक संसारमा मानिस प्रायः आफ्नो जीवनलाई मोह, लोभ र स्वार्थका जालमा बाँधिन्छ। सम्पत्ति, पद, शक्ति, प्रतिष्ठा, र आत्म-सन्तुष्टिका मोहहरूले हामीलाई वास्तविक उद्देश्यबाट विचलित बनाउँछन्। मोह र स्वार्थको विरुद्ध आत्मिक विद्रोह सामाजिक, नैतिक र आध्यात्मिक सुधारको अनिवार्य आवश्यकता हो ।

मोह र स्वार्थले मनुष्यलाई आफ्नो आन्तरिक मूल्य र नैतिकताको बाटोबाट विस्थापित गर्छ। व्यक्तिले बाह्य वस्तुहरू, मानिसहरू वा स्थिति प्रतिको आत्मकेंद्रित आसक्ति विकास गर्दा उसले आफ्नो आन्तरिक शान्ति र विवेक गुमाउँछ। यस्तो अवस्थामा विद्रोहको अर्थ आत्मजागरूकता, विवेक र आन्तरिक स्वतन्त्रताको प्राप्ति हो । आध्यात्मिक विद्रोहले व्यक्ति र समाजलाई समान रूपले लाभ पुर्याउँछ । जब एक व्यक्ति आफ्नो जीवनमा मोह र स्वार्थको नियन्त्रण गर्न सक्छ, तब उसले केवल व्यक्तिगत शान्ति मात्र पाउँदैन, वरन् समाजमा निष्ठा, करुणा, न्याय र सहिष्णुताको प्रसार गर्छ ।

आध्यात्मिक विद्रोहको प्रारम्भ आफ्नै अन्तरात्माबाट हुन्छ । यहाँ बाह्य संघर्षको आवश्यकता हुँदैन । हाम्रो मन, जसमा ईर्ष्या, द्वेष, घृणा र स्वार्थको बीउ रोपिएको छ, त्यसलाई बुझ्नु र त्यससँग सचेत रूपमा सामना गर्नु नै विद्रोहको पहिलो चरण हो । ध्यान, योग, प्रार्थना र आत्मचिन्तनले यस प्रक्रियामा मार्गदर्शन गर्छ । यी साधनहरूले हामीलाई हाम्रो असली आवश्यकता र वास्तविक मूल्य बुझ्न मद्दत गर्छ । जब व्यक्ति भौतिक मोह र स्वार्थबाट मुक्त हुन्छ, तब उसले आफ्नो जीवनलाई साँचो अर्थ दिन सक्ने क्षमता विकास गर्छ ।

मोह र स्वार्थको विरुद्ध विद्रोहले परिवार, समुदाय र राष्ट्र स्तरमा नैतिक सुधार ल्याउँछ। उदाहरणका लागि, कुनै समाज जहाँ मानिसहरू केवल आफ्नो लाभ र स्वार्थका लागि काम गर्छन्, त्यहाँ असमानता, दुराचार, भ्रष्टाचार र सामाजिक विभाजनको समस्या बढ्छ । तर जब व्यक्तिले आन्तरिक विद्रोहमार्फत मोह र स्वार्थलाई नियन्त्रण गर्छ, तब उसले दान, सहयोग, सहिष्णुता, र सत्य न्यायको अभ्यासमा सक्रिय योगदान दिन्छ । यसरी, आत्मिक विद्रोह समाजमा सकारात्मक ऊर्जा, स्थायित्व र मानवता प्रवर्द्धन गर्ने माध्यम बन्न सक्छ ।

धर्म र आध्यात्मिक शिक्षाले पनि यही विद्रोहको महत्व बताउँछन्। भगवद्गीता, उपनिषद् र अन्य वैदिक ग्रन्थहरूमा स्पष्ट रूपमा उल्लेख छ कि जीवनको उद्देश्य केवल भौतिक सुख होइन, बरु आत्मबोध, कर्मयोग र सेवा हो । अर्जुनले कुरुक्षेत्रमा आफ्नो मोह र स्वार्थको द्वन्द्व सामना गर्दा, उसले वास्तविक युद्धको स्वरूप बुझे आन्तरिक शान्ति र धर्मको रक्षा। यही सन्देश आजको आधुनिक मानव जीवनमा पनि प्रासंगिक छ । जब मानिसले आफ्नो आन्तरिक मोह र स्वार्थ विरुद्ध लड्छ, तब उसले न केवल व्यक्तिगत आध्यात्मिक उन्नति गर्छ, तर समाजमा नैतिक मार्गदर्शन पनि स्थापित गर्छ । आजको विश्वमा, जहाँ संघर्ष, द्वेष, हिंसा र युद्धले लाखौं मानिसको जीवन प्रभावित गरिरहेका छन्, त्यहाँ यो विद्रोह अझै आवश्यक छ। मध्यपूर्वको तनाव, इरान-इजरेल द्वन्द्व वा अन्य राजनीतिक भूराजनीतिक संघर्ष बाह्य शक्ति र रणनीतिमा मात्र आधारित छैनन्। यी द्वन्द्वको जरा मोह, स्वार्थ र असन्तुलित इच्छामा पनि लुकेको छ। जब राष्ट्र र नेताहरू केवल आफ्नो शक्ति, सम्पत्ति र प्रभुत्वका लागि संघर्ष गर्छन्, तब आम जनता पीडित बनिन्छ। यस्तो समयमा व्यक्तिगत र सामूहिक चेतना, मानवता र करुणामा आधारित आत्मिक विद्रोह नै दीर्घकालीन शान्ति र स्थायित्वको आधार बन्न सक्छ।

आध्यात्मिक विद्रोहको अर्को महत्वपूर्ण आयाम भनेको अहंकारको नियन्त्रण हो। अहंकार, स्वार्थको अग्रभागमा रहने प्रमुख कारक हो। मानिस आफ्नो नाम, प्रतिष्ठा, वा शक्ति प्रतिको मोहमा फसेर आफ्नो मूल्य र विवेक गुमाउँछ। यसै क्रममा, आत्मिक विद्रोहले व्यक्तिलाई सिकाउँछ कि वास्तविक शक्ति र सम्मान केवल बाह्य प्राप्तिमा नभई आन्तरिक विवेक, संयम र नैतिकता पालनमा छ। जब व्यक्ति आफ्नो अहंकार र स्वार्थमाथि विजय प्राप्त गर्छ, तब उसले समाजमा स्थायित्व र न्यायको स्थापनामा योगदान पुर्याउँछ ।

मोह र स्वार्थको विरुद्ध आत्मिक विद्रोहले व्यक्तिलाई समानता, भाईचारा र सहिष्णुतामा अभ्यस्त बनाउँछ । यसले जात, धर्म, सम्पत्ति वा सामाजिक स्थिति अनुसारको भेदभावलाई न्यून गर्छ। जब एक समुदायका सबै सदस्यले आफ्नो व्यक्तिगत स्वार्थ र मोह नियन्त्रणमा राख्छन्, तब समाजमा असमानता, द्वेष र हिंसा कम हुन्छ। यही प्रक्रिया विश्वव्यापी रूपमा लागू भए, तब विश्व मानवतामै आधारित स्थिरता र शान्तिको मार्गमा अघि बढ्न सक्छ ।

विद्रोहको अर्को महत्वपूर्ण आयाम भनेको कर्तव्यनिष्ठा र उत्तरदायित्वको बोध हो। जब व्यक्ति समाज, राष्ट्र र मानवताको हितका लागि कार्य गर्न थाल्छ, तब उसले आत्मिक शान्ति र सन्तोष प्राप्त गर्छ। यही सिद्धान्त आधुनिक प्रशासन, सामाजिक सेवा, र नेतृत्त्वमा पनि लागू गर्न सकिन्छ । यदि प्रत्येक नागरिक, नेतृत्वकर्ताले आफ्नो व्यक्तिगत स्वार्थ र मोहमाथि नियन्त्रण राखेर कार्य गर्छ भने, समाजमा भ्रष्टाचार, असमानता र हिंसा स्वतः न्यून हुन्छ । आजको विश्वमा जब हिंसा, युद्ध, द्वेष, र स्वार्थले मानव जीवनलाई धमिलो बनाइरहेको छ, त्यहाँ यो विद्रोह अझै आवश्यक छ । व्यक्तिगत र सामाजिक चेतना, मानवता र नैतिक मूल्यको आधारमा यो विद्रोहले मात्र दीर्घकालीन शान्ति, स्थायित्व र सामाजिक सद्भाव स्थापना गर्न सक्छ । त्यसैले, प्रत्येक व्यक्तिले आफ्नो जीवनमा मोह र स्वार्थको विरुद्ध यो आत्मिक विद्रोहलाई अवलम्बन गर्नु अपरिहार्य छ ।

आजको विश्व युद्ध, ध्रुवीकरण र अविश्वासको चपेटामा छ । यस संकटबाट बाहिर निस्कने बाटो थप हतियार वा कडा सीमामा छैन, बरु चेतनाको विस्तारमा छ । भौतिक सीमाबाट आत्मिक एकतासम्मको यात्रा नै मानवताको वास्तविक विजय यात्रा हो। यही यात्राले मानिसलाई केवल नागरिक होइन, विश्वनागरिक बनाउँछ,जहाँ पृथ्वी घर हो र मानवता परिवार। भौतिक सीमाहरू जसले मानवताको विशाल समुद्रलाई सानो पोखरीमा सीमित गर्न खोज्छ। राष्ट्रका नाममा बनाइएका बार, जातका नाममा खडा गरिएका पर्खाल र धर्मका नाममा कोरिएका रेखाहरूले मानिसको मनोभूमिमा द्वेषको दलदल बनाइरहेका छन्। तर मानवताको महान्गंगा यिनै दलदलबाट माथि उठेर सहिष्णुता र सहकार्यको सागरमा बग्न चाहन्छ ।

चेतनाका कुहिरोले पनि मानव हृदयलाई बन्धनमा राखेको छ। यी चेतनाका सीमा बनेका छन्,हाम्रो अहंको अडान, हाम्रो, मेरोको मोह र हाम्रो स्वार्थको साँघुरो सोच। यी सीमाहरूलाई भत्काउन नसकेसम्म हामी विश्वबन्धुत्वको पवित्र प्रभात देख्न सक्दैनौं । हामीलाई चाहिएको छ चेतनाको चराको पंख, जसले हामीलाई भौतिक सीमाभन्दा माथि उडाएर सबैलाई एउटै परिवारको सदस्यका रूपमा देख्ने दृष्टि दिन सकोस्। जब चेतनाका आकाशमा मानवता उड्छ, तब राष्ट्रियताको राजनीतिक रङ फिका पर्छ र समभावको सूर्य उदाउँछ ।

जब हामी भौतिक सीमाबाट माथि उठेर चेतनासम्म पुग्छौं, तब मात्र हामी यथार्थमा मानव बन्छौं। चेतनाको अडानले मात्र विश्वशान्ति सम्भव छ। हरेक मानिसलाई दया र माया दिएर, हरएक हृदयमा करुणा र समभावको जलबीज रोपेर, हामी विश्वबन्धुत्वको पुनर्जागरण गर्न सक्छौं। हामीले रगतको रेखाभन्दा ठूलो रगतको सम्बन्ध देख्न सिक्नुपर्छ। हाम्रो रगतको रङ एउटै हो, हाम्रो आकाश एउटै हो, हाम्रो अस्तित्व एउटै छ । यो अनुभूति नै मानवतालाई द्वन्द्व र युद्धको अन्धकारबाट निकालेर शान्ति र समृद्धिको सप्तरङ्गी बिहानमा पुर्याउन सक्छ । विश्वभरका धेरै समस्या र द्वन्द्वको जरा भौतिक रगतले कोरिएका सीमामा छ। राष्ट्र, जाति, भाषा, धर्म र क्षेत्रीय भेदले मानवीय सम्बन्धहरूलाई कमजोर पार्दै छन् । यस्ता सीमाले हाम्रो सोच र व्यवहारलाई विभाजित गरी द्वेष र हिंसाको वातावरण सिर्जना गर्छ। तर मानव जगतले यस्ता सीमाभन्दा माथि उठ्न सक्नु पर्दछ । यसले सबै मानवलाई एउटै साझा परिवारका सदस्यको रूपमा हेर्न सिकाउनुपर्छ, जहाँ प्रेम, सहिष्णुता र सहकार्यको बलले राष्ट्र, जाति र भाषा भेदलाई पन्छाउने हो । मानवता त्यहीँ बलियो हुन्छ जब हामी भौतिक सीमाहरूको झुठो प्रहारलाई छोडेर आन्तरिक सद्भाव, नैतिकता र सह-अस्तित्वको मार्ग अपनाउँछौं । विश्वशान्ति, सामाजिक न्याय र समृद्धिको लागि सबैले साझा मानवीय मूल्यलाई प्राथमिकता दिनुपर्ने हुन्छ । यसले जातीय, धार्मिक र राष्ट्रिय भेदभावलाई कम गरी अन्तरराष्ट्रिय मेलमिलाप र सहयोगलाई बढावा दिन्छ । विश्वका अधिकांश द्वन्द्व, कलह र विभाजनको मूल कारण भौतिक रगतले कोरिएका सीमाहरू हुन् राष्ट्र, जाति, धर्म, भाषा र क्षेत्रीय भेद । यस्ता सीमाले हामीलाई एकअर्काबाट अलग राख्ने, द्वेष र असहिष्णुता बढाउने मुख्य कारण बनेका छन्। तर, भौतिक सीमाले मात्र होइन, चेतनाका सीमाहरूलाई पनि भत्काउन आवश्यक छ । चेतनाका सीमाहरू भनेको हाम्रो सोचाइ, दृष्टिकोण र अन्तरदृष्टिलाई बाँध्ने मानसिक बन्धनहरू हुन्, जसले हामीलाई साझा मानवता भन्दा माथि उठ्नबाट रोक्छन् । विश्वमा भइरहेका विभिन्न समस्याहरू जस्तै जातीय द्वन्द्व, धार्मिक झगडा, सीमा विवाद र युद्धले देखाउँछन् कि सीमारेखाले मानिसहरूलाई बाँध्न सक्दैन, बरु यसले विघटन र असमानता ल्याउँछ । यसैले भौतिक सीमारेखालाई मात्र नभई मनोवैज्ञानिक, सांस्कृतिक र सामाजिक सीमाहरूलाई पनि हटाउँदै मानवता र समृद्धिको नयाँ युग स्थापना गर्नुपर्छ ।

(उप्रेती कोष तथा लेखा नियन्त्रक कार्यालय मोरङका प्रमुख कोष नियन्त्रक हुन् ।)

## धनुषाको एक व्यक्ति कतारबाट पक्राउ

जलेश्वरटुडे समाचारदाता
जनकपुरधाम, २५ श्रावण

मानव बेचबिखन तथा ओसारपसार र जबरजस्ती करणीसम्बन्धी कसुरमा रेड नोटिस जारी भएका धनुषाका एक व्यक्ति कतारबाट पक्राउ परेका छन् । पक्राउ पर्नेमा धनुषाको धनौजी गाउँपालिका-५ का मो. ताहिर राईन रहेका छन् । उनीविरुद्ध अन्तर्राष्ट्रियस्तरमा खोजतलास तथा पक्राउका लागि नेपाल प्रहरीले इन्टरपोलमार्फत रेड नोटिस जारी गराएको थियो ।

## दुधमतीको जल ..................................

नजिकको दुधमती जानकीघाटको जल ल्याई बाबा जलेश्वरनाथलाई चढाइएको छ । वरिष्ठ खोजमुलक पत्रकार राकेश प्रसाद चौधरी सहितको स्थानिय युवा तथा व्यवसायीहरुको सँयुक्त पहलमा यो दोस्रो सोमबारी समेत निरन्तरता दिइएको हो । बाबा जलेश्वरनाथको आशिर्वाद लिन र स्थानिय धार्मिक प्रबर्द्धनमा सबैले हातेमालो गर्न जरुरी रहेको प्रष्ट दृष्टान्त बनेको छ ।

सामाजिक सुरक्षा भत्ता परिचयपत्र नवीकरण
साउन ०१ देखि अशोज मसान्तसम्म अनिवार्य गरौं ।




अनुरोधकर्ता
धनुषाधाम नगरपालिकाको कार्यालय
धनुषा, मधेश प्रदेश

सामाजिक सुरक्षा भत्ता परिचयपत्र नवीकरण
साउन ०१ देखि अशोज मसान्तसम्म अनिवार्य गरौं ।




अनुरोधकर्ता
धनौजी गाउँपालिकाको कार्यालय
धनुषा, मधेश प्रदेश

प्रकाशक तथा सम्पादक : पवन कुमार साह, सह-सम्पादक : सोनी साह, मुद्रक : राजर्षि जनक अफसेट प्रिन्टर्स, जनकपुरधाम
प्र.कार्यालय : जलेश्वर -४, सुगा भवानीपट्टि, सम्पर्क कार्यालय : जनकपुरधाम–४ (मुरलीचौक), विज्ञापनको लागि सम्पर्क :९८४४०२७९७१/९८२४८७७६२७
Email:jaleshwortoday@gmail.com,web: www.jaleshwortoday.com, www.facebook.com/JaleshworToday,twitter.com/JaleshworToday